# राजस्व न्यायाधिकरण काठमाडौ

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

सम्वत् २०७४ सालको मुद्दा नं. ०७४-RB-००४०

निर्णय नं. १०२

**मुद्दाः–आयकर(२०७१/०७२)।**

श्री शिवशक्ति केमोप्लाष्ट प्रा.लि.(स्थायी लेखा नं. ३०१३४२३४०)को अधिकार प्राप्त अध्यक्ष राहुल कुमार अग्रवाल.........................................................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.........................................................१

श्रीमान महानिर्देशकज्यू, आन्तरिक राजस्व विभाग, काठमाण्डौ..........................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने अधिकारीः  प्रमुख कर प्रशासक श्री शोभाकान्त पौडेल

निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, ललितपुर

निर्णय मितिः–२०७३/०४/०९

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने अधिकारीः -

निर्णय गर्ने कार्यालयः -

निर्णय मितिः -

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, ललितपुबाट मिति २०७३।०४।०९ को कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट ६० दिनभित्र निर्णय दिनु पर्नेमा उक्त निर्णय दिएको सूचनाको जानकारी हालसम्म नआएकोले विभागबाट निर्णय भएको मानी राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ र आयकर ऐन, २०५८ को दफा ११६

बमोजिम दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. करदाता श्री शिवशक्ति केमोप्लाष्ट प्रा.लि.ले आ.व. २०७१/०७२ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार विशेष उद्योग तर्फ रू. ७१,७८,५४४।६० करयोग्य आय र व्यापार तर्फ रू. १,१४,१९१।४७ करयोग्य आय कायम गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७२/०९/२९ मा विवरण पेश गरेको ।

२. करदाताको आ.व. २०७१/०७२ को आय विवरण कर परीक्षण गर्न छनौटमा पर्न गएकोमा यस कार्यालयबाट कर परीक्षण हुँदा करदाताबाट पेश हुन आएको आय विवरण र सो साथ संलग्न कागजात, फाँटवारी एवं प्रमाणहरूको अध्ययन, छानविन तथा हिसाव कितावको परीक्षण गरी सो सम्बन्धमा मिति २०७३।३।१९ को स्वीकृत कर लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार आयकर ऐन,२०५८ बमोजिम समावेश गर्नु पर्ने आय समावेश नभएको/कट्टी गर्न नपाउने खर्च दावी भएको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि विशेष उद्योग तर्फ रू. ८१,२८,५९०।९५ संशोधित करयोग्य आय र व्यापार तर्फ रू. १,१४,१९१।४७ संशोधित करयोग्य आय कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) बमोजिम विस्तृत व्यहोरा खुलाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७३/३/२२ मा सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३/३/२२ मा जारी भएको सूचना करदाताले मिति २०७३/३/२७ मा सूचना बुझी लिएको ।

४. करदाताले मिति २०७३/३/२७ मा बुझी लिएको सूचनाको जवाफ मिति २०७३/४/०७ मा पेश गरेको ।

५. प्रस्तुत करदाताको आ.व.२०७१/०७२ को लागि करयोग्य आय विशेष उद्योग तर्फ रु. ८१,२८,५९०।९५ संशोधित करयोग्य आय र व्यापार तर्फ रू. १,१४,१९१।४७ कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भन्ने समेत व्यहोराको ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३/०४/९ मा भएको निर्णय पर्चा।

६. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७३/०४/०९ मा जारी गरेको आ.व. २०७१/०७२ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी श्री शिवशक्ति केमोप्लाष्ट प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३/०५/१० मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

७. निवेदनकले आफूले दिएको निवेदनमा आयकर ऐन,२०५८ को दफा ११४ उपदफा ८ बमोजिम निवेदन दर्ता भएको ६० दिनभित्र निवेदन उपर निर्णय दिनुपर्नेमा त्यस्तो निर्णय सूचना निवेदकलाई नदिएमा निवेदकले निवेदन अस्विकार भएको मानी सोही ऐनको दफा ११६ बमोजिम राजस्व न्यायाधिकरण, काठमाडौंमा पुनरावेदन गर्न जाने व्यहोराको जानकारी मिति २०७५।१।४ द.नं. ९७०६ को यस विभागमा दिएको निवेदनबाट गराएको फाइलसाथ संलग्न निवेदन प्राप्त भएको पत्रबाट देखिन्छ । श्री राजस्व न्यायाधिकरण, काठमाडौंमा पुनरावेदनको कानूनी कारवाही अगाडि बढाउने भएकाले आयकर ऐन, २०५८ को दफा ११५(८) बमोजिम जानकारी गराएको र दफा ११५(९) बमोजिम विभागले त्यस्तो निवेदन दर्ता भएको मितिमा सो निवेदन अस्विकार गर्ने निर्णय गरेको हुँदा सो व्यक्तिलाई सो निर्णयको सूचना दिएको मानिने व्यवस्था भएकाले प्रशासकीय पुनरावलोकनका लागि परेको उक्त निवेदनको लगत कट्टा हुने ठहर्छ भन्ने व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५/१/५ मा भएको निर्णय ।

८. विपक्षीबाट भएको प्रस्तुत संशोधित कर निर्धारण सूचना, आदेश र महानिर्देशकज्यूको मानी आएको निर्णय समेतलाई बदर गरी हाम्रो प्रस्तुत पुनरावेदन र स्वयंकर निर्धारण आय विवरण अनुसार हुनुपर्नेमा प्रत्यर्थीबाट निर्धारण कर, शुल्क समेतको कुनै रकम तिर्नु नपर्ने गरी फैसला गरी पाउँ तथा कम्पनीको आय विवरण अनुसारको ह्रास आधारलाई अन्यथा कायम गर्न नपाउने गरी न्याय इन्साफ गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०७४/४/२३ को पुनरावेदनपत्र ।

९. यसमा मुलुकी ऐन, अ.वं. २०२ नं. बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/०२/२४ मा भएको आदेश ।

## <u>ठहर खण्ड</u>

१०. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवम प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

११. पुनरावेदक पक्षबाट उपस्थित विद्वान अधिवक्ता त्रय श्री सीताराम अग्रवाल, श्री विनोद उपाध्याय र श्री विकास अग्रवालले आर्थिक वर्ष २०६९।०७० को कर दायित्व कर फछ्र्यौट आयोगबाट सम्झौता भै मिलान भएकाले ह्रास आधार फरक परेको भनी ह्रास कायम गरेको रकममा खर्चकट्टी अमान्य गरेको र मर्मत सम्भार खर्च बढी दावी भएको भनी अमान्य गरेको तथ्य कानूनसम्मत नभएकाले एवं भाडा भरौट तथा पाहुना खर्च विल भरपाई नभएको भनी खर्च अमान्य गरेको तथा Cost of Goods Sold अन्तर्गत भएको Loading/ Unloading खर्च व्यवसायकै खर्चमा पर्ने भै सो खर्च कट्टी दावी कानून बमोजिम भएकाले

करदाताले खर्च कट्टी पाउनु पर्दछ । त्यस्ता खर्चहरु अमान्य गर्नु कानून विपरीत भएकाले शूरु निर्णय बदरभागी छ भनी बहस प्रस्तुत गर्नुभयो ।

१२. प्रत्यर्थी ठूला करदाता कार्यालय एवं महानिर्देशक, आन्तरिक राजश्व विभाग समेतका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्वान सरकारी वकील श्री अञ्चन भट्टराईले कर फछ्र्यौट आयोगबाट सम्झौता भै मिलान भएकाले ह्रास आधार फरक परेको छ भन्न मिल्दैन। कर फछ्र्यौटबाट कर दायित्व मिलानको सम्झौता मात्र भएको हो। त्यसबाट आगामी वर्षका लागि हिसाब मिलान गर्न पाउने हुदैन । कर परीक्षणबाट कायम भएको ह्रास आधार र चालु वर्षमा सो सम्पति समूहमा थप भएको सम्पति र गणना अवधि समेतका आधारमा ह्रास खर्च दावी गर्नुपर्ने र सोही बमोजिम मात्र मर्मत सम्भार खर्च दावी गर्नुपर्नेमा बढी दावी गरेको कारणले प्रत्यर्थीले अमान्य गरेको एवं खर्च दावी माग गर्दा त्यसलाई पुष्टि गर्ने प्रमाण कागजात सलग्न गर्नुपर्नेमा सो नगरेको कारणले खर्चकट्टी अमान्य गरेको देखिँदा शूरु निर्णय कानूनसम्मत भएकाले सदर हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

१३. उपरोक्तानुसार दुवै पक्षका विद्वान कानून व्यवसायीहरुको बहस सुनी मिसिल संलग्न कागजात प्रमाण हेरी शूरु कार्यालयको निर्णय मिले नमिलेको के रहेछ, पुनरावेदकको जिकीर पुग्न सक्ने हो होईन ? भनी हेर्दा निम्नानुसार हुनुपर्ने देखियोः-

<u>क)</u> **<u>Salary & Wages खर्च दावीका सम्बन्धमाः</u>**- ज्याला तथा तलब अन्तर्गतको खर्च नगद भुक्तानी गरेको भनी खर्च दावी अमान्य गरेको पुनरावेदकले जिकीर लिएकोमा यस शीर्षकको कूल खर्च मध्ये रु.६,४३,६००।- रकम बुझ्नेको विल भरपाई संलग्न नभएको, बुझ्ने व्यक्तिको दस्तखत नभएको कारणले खर्च प्रमाणित गर्ने पुष्टयाई नै नभई यथार्थ खर्च हो भन्न सकिने अवस्था नदेखिएकाले आयकर ऐन,२०५८ को दफा १५ बमोजिम खर्च कट्टी नपाउने भनी गरेको निर्णय र कर निर्धारण आदेश मिलेकै देखिन आयो ।

<u>ख)</u> **<u>Loading / Unloading खर्च सम्बन्धमाः</u>**- पुनरावेदकले पेश गरेको वित्तीय विवरण अनुसार दावी गरेको Cost of Goods Sold अन्तर्गत भएको Loading/ Unloading खर्चका सम्बन्धमा कर परीक्षणको समयमा खर्च रकमलाई पुष्ट्याई गर्नै विल भरपाई तथा प्रमाणजन्य कागजातहरु संलग्न भै नआएका र प्राकृतिक व्यक्तिलाई भुक्तानी गरेकोले भुक्तानी वापतको विल भरपाई नपाईने जवाफ उल्लेख भै आएकोले खर्च यथार्थ हो भन्ने यकिन हुन नसकी आयकर ऐन, २०५८ को दफा १५ बमोजिम खर्च कट्टी नपाउने भनी गरेको कर निर्धारण आदेश मनासिव नै देखिन आयो ।

<u>ग)</u> **<u>विभिन्न खर्च दावीका सम्बन्धमाः</u>**- पुनरावेदक करदाताले पेश गरेको वित्तीय विवरण अनुसार Freight Expenses, Guest Entertainment Expenses and Staff & Labor Welfare वापतको खर्च व्यवसायकै खर्चमा पर्ने भै सो खर्च कट्टी दावी कानून बमोजिम भएकाले

कट्टी दावी गरेकोमा प्रत्यर्थीबाट त्यस्तो खर्च मिति, भौचर नं. र खर्च रकम उल्लेख भएको लेजरका आधारमा मात्र खर्च लेखिएको त्यसलाई पुष्टि गर्ने विल भरपाई लगायतका प्रमाण कागजातहरु संलग्न नराखेको कारणले खर्च वास्तविक हो होइन भन्ने यकिन हुन नसकी आयकर ऐन, २०५८ को दफा १५ बमोजिम खर्च कट्टी नपाउने गरी भएको निर्णय मनासिव नै देखिन आयो ।

घ) **ह्रास खर्च दावी सम्बन्धमाः-** आयकर ऐन, २०५८ को दफा १९ अनुसार आफ्नो स्वामित्वमा रहेको र व्यवसायको आय आर्जनमा प्रयोग भएको स्थायी सम्पतिको ह्रास खर्च ऐनको अनुसूची-२ बमोजिम गणना गर्नुपर्ने प्रावधान किटान गरिएको छ । पुनरावेदकको उद्योग आयकर ऐन,२०५८ को अनुसूचि १ को दफा २ को उपदफा (३) को खण्ड (क) बमोजिमको सुविधा लिने विशेष उद्योग भएकोमा विवाद देखिदैन । त्यस्ता उद्योगका सम्बन्धमा आयकर ऐन,२०५८ को अनुसूचि-२ को दफा ३ को उपदफा (२) प्रावधान बमोजिम सोही दफा ३ को उपदफा (१) को दरमा थप एक तिहाई ह्रास कट्टी आयकर ऐन,२०५८ को दफा १९ बमोजिम गर्नुपर्नेमा सो प्रावधान स्वेच्छिक भएको भनी कम ह्रास खर्च दावी गरेकोमा उक्त दफा १९ मा कट्टी गर्नुपर्ने छ भनी किटानी व्यवस्था रहेकोले अनुसूचीमा भएको प्रावधान अनुसार विशेष उद्योग भएकाले पुनरावेदकले थप एक तिहाईको दरले हुने रकम समेत समावेश गरी कायम गरिएको ह्रास आधार अनुसार आ.व.०७०।०७१ र ०७१।०७२ को समेत ह्रास खर्च दावी गर्नुपर्नेमा सो नगरी घटी रकम दावी गरेको कारणले ह्रास आधार फरक पर्न गएको हुँदा गणना नमिलेको भनी प्रत्यर्थीले आगामी वर्षका लागि सम्पति समूह क, ख, ग र घ समेतको जम्मा ह्रास आधार रु.१५,०४,३९,२७०।५० हुने गरी कायम गरेको निर्णय मनासिव नै देखिन आयो ।

ङ) **मर्मत तथा सम्भार खर्च सम्बन्धमाः-** आ.व.२०७०।०७१ को कर लेखा परीक्षणबाट ह्रास आधार परिवर्तन भै मर्मत सम्भार खर्चको सीमा समेत फरक पर्न जाने भएकोमा करदाताले गत आ.व. को ह्रास आधार फरक पार्न नमिल्ने जिकीर लिए तापनि कर परीक्षणबाट कायम भएको सम्पति समूह 'ख' को ह्रास आधार बमोजिम नै मर्मत सम्भार खर्चको सीमा निर्धारण हुने भएकाले पूँजीकृत गर्नुपर्ने रकम रु.२७,३५४।१५ समेत खर्च कट्टी दावी गरेको देखिन गई प्रत्यर्थीले आयकर ऐन, २०५८ को दफा १६(२) बमोजिम खर्च कट्टी दिन नमिल्ने भनी गरेको निर्णय मिलेकै देखिन आयो ।

च) **अग्रिम कर दाखिला तर्फः-** पुनरावेदकले चालू आ.व. मा अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्ने देखिएको रकम रु.१,३५,१६१।- मा करदाताले बिलम्ब गरी दाखिला गरेको सम्बन्धमा आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम जारी गरिएको सुचनामा कुनै जवाफ प्रस्तुत नगरेको र उक्त रकम २०७१।०४।२५ भित्र दाखिला गरिसक्नुपर्नेमा २०७२।०८।०७ मा मात्र दाखिला गरेकोले ऐनको दफा ११९

बमोजिम लाग्ने ब्याज रकम रु.६८५८।- माग गर्ने गरी प्रत्यर्थीले गरेको कर निर्धारण आदेश कानून सम्मत नै देखिन आयो ।

१४. अतः माथि उल्लिखित आधार र कारणबाट स्थायी लेखा नं ३०१३४२३४० भएका पुनरावेदक करदाता शिवशक्ती केमोप्लाष्ट प्रा.लि.को आ.ब. २०७१।०७२ को आयकर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालय हरिहरभवनको मिति २०७३।४।९ को निर्णय मिलेकै देखिदा सदर हुने ठहर्छ ।पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरुमा तपसील बमोजिम गर्नू ।

**तपसील**

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू.......................................................................१

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तूर लिई नक्कल दिनू................................................................................२

प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू.......................................................३

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः श्री रवि न्यौपाने
कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी
इतिसम्बत २०७५ साल चैत्र १४ गते रोज ५ शुभम......